


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४४ अङ्क ६ नेपाल राष्ट्र बैंक समाचार फागुन २०७६ फेब्रुअरी-मार्च २०२०

# राष्ट्र बैंकको जनशक्ति योजना पारित



नेपाल राष्ट्र बैंकले जनशक्ति व्यवस्थापन पद्धतिलाई प्रभावकारी बनाउने उद्देश्यले 'जनशक्ति योजना (२०७६/७७ - २०७८/७९)' पारित गरेको छ ।

गभर्नर डा. चिरंजीबि नेपालको अध्यक्षतामा २०७६ माघ १३ गते बसेको बैंक सञ्चालक समितिको बैठकले तीन वर्षको निम्ति जनशक्ति योजना स्वीकृत गरेको हो । केन्द्रीय बैंक स्थापनाको साढे छ दशकको अवधिमा जनशक्ति योजना ल्याइएको यो पहिलो पटक हो ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेका उद्देश्य प्राप्तिको निम्ति उपयुक्त संगठन संरचना निर्माण गर्ने, प्रस्तावित संगठन संरचना एवम् कार्यविवरणको आधारमा जनशक्ति प्रक्षेपण गर्ने, उत्तराधिकारी योजना तय गर्ने, जनशक्ति व्यवस्थापनसँग सम्बन्धित अन्य नीतिहरू तर्जुमा गर्ने जस्ता उद्देश्यहरू योजनामा राखिएको छ । त्यसको निम्ति क्रमशः छ र आठ बुँदे रणनीति र कार्यनीति योजनाले तय गरेको छ ।

बैंकको संगठनात्मक संरचना, प्रस्तावित विभाग/कार्यालयको सांगठनिक ढाँचा र कार्यहरू, संघीय ढाँचा बमोजिम बैंकको पुनर्संरचना, तीन वर्षको जनशक्ति विश्लेषण, प्रक्षेपण र दरबन्दी निर्धारण, जनशक्ति उत्तराधिकार योजना लगायतका विषयलाई जनशक्ति योजनामा समेटिएको छ ।

बैंकको केन्द्रीय तहमा हाल १७ वटा विभाग रहेकोमा नयाँ संरचना अनुसार १८ वटा विभाग रहने प्रस्ताव गरिएको छ । त्यससँगै ५४ महाशाखा, १६९ इकाई र उपत्यका बाहिर आठ वटा कार्यालय रहने परिकल्पना जनशक्ति योजनाले गरेको छ ।

केन्द्रीय तहका विभागीय संरचना हेरफेर गरिएको छ । जस अनुसार, विकास बैंक सुपरिवेक्षण विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभागलाई गाभेर 'वित्तीय संस्था सुपरिवेक्षण विभाग' बनाइएको छ । बैंकर्स प्रशिक्षण केन्द्रलाई 'क्षमता विकास तथा तालिम विभाग'मा स्तरोन्नति गरिएको छ । गैर बैंकिङ वित्तीय संस्थाहरूको सुपरिवेक्षण र निरीक्षणको निम्ति 'गैर वित्तीय संस्था सुपरिवेक्षण विभाग'को प्रस्ताव गरिएको छ । योजनामा सूचना प्रविधि विभागलाई 'सूचना प्रविधि महाशाखा' कायम गर्ने प्रस्ताव छ ।

कतिपय विभागको नाम परिवर्तन गरिने विषय समेटिएको छ । जस्तो कि; सामान्य सेवा विभागलाई 'सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग', अनुसन्धान विभागलाई 'आर्थिक अनुसन्धान विभाग', लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागलाई 'लघुवित्त संस्था सुपरिवेक्षण विभाग'मा परिवर्तन गरिने भएको कर्मचारी कार्यरत छन् । त्यसमा अधिकृतस्तर, सहायकस्तर र कार्यालय सहयोगी स्तरमा क्रमशः ५२६, ३७६ र १२२ जना छन् । बैंकलाई आ.व. २०७७/७८ मा १ हजार २७८ र योजनाको अन्तिम आर्थिक वर्ष २०७८/७९ मा १ हजार ३५५ कर्मचारी आवश्यक पर्ने प्रक्षेपण योजनाले गरेको छ ।

निम्ति कार्यप्रकृतिको आधारमा सेवाको वर्गीकरण गरी मौद्रिक तथा विदेशी विनिमय नीति, नियमन तथा सुपरिवेक्षण, बैंकिङ व्यवस्थापन तथा आन्तरिक व्यवस्थापन गरी चार समूहमा वर्गीकरण गर्ने प्रस्ताव गरिएको छ । बैंकमा उच्च पदहरू रिक्त हुँदा योग्य उत्तराधिकारीबाट पूर्ति गर्न सम्भाव्य जनशक्तिलाई कार्यप्रकृतिका आधारमा उपयुक्त

## तहगत जनशक्ति प्रक्षेपण

| पद | २०७६ असार मसान्तसम्मको जनशक्ति | | | आ.व.२०७८/७९ को प्रक्षेपित जनशक्ति | | |
|---|---|---|---|---|---|---|
| | प्रशासन | प्राविधिक | जम्मा | प्रशासन | प्राविधिक | जम्मा |
| अधिकृत विशिष्ट | १६ | ० | १६ | १८ | ० | १८ |
| अधिकृत प्रथम | ३९ | १ | ४० | ५३ | १ | ५४ |
| अधिकृत द्वितीय | १३९ | १३ | १५२ | १९० | १९ | २०९ |
| अधिकृत तृतीय | २९६ | २२ | ३१८ | ३९९ | २४ | ४२३ |
| सहायक प्रथम | ८७ | ८ | ९५ | १६७ | १४ | १८१ |
| सहायक द्वितीय | २११ | ४० | २५१ | ३०५ | ५७ | ३६२ |
| सहायक तृतीय | २४ | ६ | ३० | १० | ३ | १३ |
| कार्यालय सहयोगी | १२२ | ० | १२२ | ९५ | ० | ९५ |
| जम्मा | ९३४ | ९० | १,०२४ | १,२३७ | ११८ | १,३५५ |

छ । यस्तै, बैंकिङ कार्यालयलाई 'बैंकिङ विभाग' र राष्ट्र ऋण व्यवस्थापन विभागलाई 'मौद्रिक व्यवस्थापन विभाग'मा रुपान्तरण गरिने रहेको छ । परिवर्तित विभागीय संरचना अनुरूप तिनको संगठनात्मक संरचना र विस्तृत कार्य विवरणलाई जनशक्ति योजनामा समेटिएको छ ।

हरेक प्रदेशमा बैंकको प्रादेशिक कार्यालय स्थापनाको परिकल्पना योजनाले गरेको छ । प्रादेशिक कार्यालयको भूमिका र जिम्मेवारी बढाउँदै तिनको पुनर्संरचना गर्नुपर्ने आवश्यकता पनि जनशक्ति योजनाले औंल्याएको छ । जनशक्ति योजनाले बैंकमा कार्यरत मौजुदा जनशक्तिको विश्लेषण गर्दै आगामी तीन वर्षका लागि उपयुक्त हुने संगठनात्मक संरचना एवम् कार्यविवरण सहितको जनशक्तिको प्रक्षेपण समेत गरेको छ । योजना अनुसार, २०७६ असार मसान्तसम्ममा बैंकमा १ हजार २४

बैंकिङ विभाग र मुद्रा व्यवस्थापन विभागमा सबैभन्दा बढी क्रमशः ११५ र १०१ जना तथा उपत्यका बाहिर विराटनगर कार्यालयमा सबैभन्दा बढी ६० कर्मचारी आवश्यक पर्ने प्रक्षेपण जनशक्ति योजनाले गरेको छ ।

बैंकमा कार्यरत जनशक्तिको टिकाउ, स्थायित्व र विकाससँग सम्बन्धित विषयलाई सम्बोधन गर्ने उद्देश्यले उत्तराधिकार सम्बन्धी अवधारणालाई कार्यान्वयन गर्ने कार्यनीति योजनाले राखेको छ ।

माथिल्लो पदबाट उत्तराधिकार योजना लागू गर्दै जाने र पहिलो चरणमा विशिष्टिकृत सेवा प्रदान गर्ने विभाग/महाशाखा प्रमुखमा लागू गरिने योजनामा उल्लेख छ । सोको प्रभावकारिताका आधारमा अन्य विभाग/महाशाखामा विस्तार गर्ने कार्यदिशा जनशक्ति योजनाले राखेको छ ।

उत्तराधिकारी योजनाकै प्रयोजनको समूहमा वर्गीकरण गरिने समेत योजनामा उल्लेख छ । उत्तराधिकार योजनाको प्रभावकारी कार्यान्वयन तथा अनुगमनका निम्ति जनशक्ति व्यवस्थापन विभागमा 'जनशक्ति विकास तथा उत्तराधिकार योजना कार्यान्वयन इकाई' गठन गरिने जनाइएको छ ।

जनशक्ति योजना तर्जुमाको निम्ति नेपाल राष्ट्र बैंक सञ्चालक समितिका सदस्य रामजी रेग्मीको संयोजकत्वमा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, संस्थागत योजना विभागका कार्यकारी निर्देशक, बैंकसँग आबद्ध तीन वटा कर्मचारी संघ/संगठनका प्रतिनिधि सदस्य र जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक सदस्य-सचिव रहनेगरी जनशक्ति योजना निर्माण उच्चस्तरीय समिति गठन गरिएको थियो ।

# अध्यक्ष घिमिरेद्वारा गभर्नर नेपालसमक्ष शपथ



गभर्नर डा. चिरंजीबि नेपालले लक्ष्मी बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष सुशील घिमिरेलाई २०७६ माघ २२ गते पद तथा गोपनियताको शपथ ग्रहण गराउनुभयो । सो अवसरमा गभर्नर डा. नेपालले अध्यक्ष घिमिरेलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

लक्ष्मी बैंक लिमिटेड सञ्चालक समितिको २०७६ माघ २ गते बसेको २२५ औं बैठकले घिमिरेलाई अध्यक्ष चयन गरेको थियो । घिमिरे नेपाल सरकारको पूर्वसचिव हुनुहुन्छ । उहाँको कार्यकाल चार वर्षको हुनेछ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ ।

शपथ ग्रहण कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डित लगायतको उपस्थिति थियो । यसैगरी, लक्ष्मी बैंकको तर्फबाट सञ्चालकद्वय रमण नेपाल र दिनेश पौड्याल, प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाह र कम्पनी सचिव पियुषराज आर्यालको उपस्थिति थियो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका अध्यक्षले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# तनाव व्यवस्थापन सम्बन्धी कार्यक्रम सम्पन्न

'नेपाल राष्ट्र बैंक, बैंकर्स प्रशिक्षण केन्द्रले २०७६ माघ २४ र २५ गते बैंकका उच्च अधिकारीहरूका निम्ति ललितपुरमा 'तनाव व्यवस्थापन' सम्बन्धी कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमको उद्घाटन गर्दै गभर्नर डा. नेपालले मानव जीवनमा स्वभाविक रूपमा तनाव उत्पन्न हुने उल्लेख गर्दै तनावको समुचित व्यवस्थापनका माध्यमबाट कार्यसम्पादनमा सुधार ल्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक आनन्द पौड्यालले कार्यक्रमको उपादेयता र महत्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो । जीवन विकास प्रतिष्ठानका विषेशज्ञद्वय एलपी भानु शर्मा र रमेश नेपालले तनाव व्यवस्थापनको सैद्धान्तिक एवम् व्यवहारिक ज्ञानसँग सम्बन्धित वार्ता प्रस्तुत गर्नुभयो । उहाँहरूले मानवीय संवेगलाई व्यवस्थापन गर्ने सन्दर्भमा विभिन्न आयामहरूको बारेमा समेत चर्चा गर्नुभएको थियो ।




तनाव व्यवस्थापनमा योग, प्राणायाम र ध्यानको ठूलो महत्व रहेको चर्चा गर्दै उहाँहरूले आफ्नो स्वास्थ्य, खुशी, साहस, सहकार्यको विकासका माध्यमबाट सुखी एवम् कार्यकुशल नेतृत्व क्षमताको विकास गर्न सकेमा सिर्जनशीलतालाई प्रवर्द्धन गर्ने धारणा राख्नुभएको थियो ।

सो अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले तनाव व्यवस्थापनसम्बन्धी कार्यक्रम उपयोगी र सान्दर्भिक रहेको धारणा राख्दै कार्यक्रम समापन गर्नुभएको थियो । दुई दिनसम्म सञ्चालित कार्यक्रममा विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशकहरू गरी ४५ जनाको सहभागिता थियो । बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# लघुवित्त सुपरिवेक्षण विभागद्वारा अन्तरक्रिया सम्पन्न




लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागले २०७६ माघ १७ गते वित्तीय मध्यस्थता कारोबारको निम्ति अनुमतिपत्रप्राप्त गैरसरकारी संस्थाबाट लघुवित्त वित्तीय संस्थामा रूपान्तरण भएका संस्थाका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतहरूसँग काठमाडौंमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा डेपुटी गभर्नर श्रेष्ठले सर्वसाधारणमा वित्तीय पहुँच अभिवृद्धिका लागि लघुवित्त संस्थाहरूलाई इजाजत दिइएको उल्लेख गर्दै ती संस्थाले वातावरणीय सामाजिक उत्तरदायित्व व्यवस्थापनमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

लघुवित्त संस्थाका सञ्चालकले लघुवित्त स्थापनाको औचित्य र मर्म बुझेर सेवा दिनुपर्नेमा उहाँले जोड दिनुभयो । लघुवित्त संस्थाको संस्थागत स्मृतिको लागि सञ्चालक समितिबाट भएका निर्णयका माइन्यूटको विद्युतीय अभिलेख तयार गर्न सुझाव दिनुभयो । राष्ट्र बैंकबाट जारी भएका निर्देशनलाई बोझको रूपमा लिन नहुने धारणा राख्दै उहाँले गैरसरकारी संस्थाबाट लघुवित्त वित्तीय संस्थामा रूपान्तरण भएका संस्थाहरूमा जोखिम, सम्पत्तिका साथै विभिन्न कोषहरू हस्तान्तरण नहुँदा इजाजतपत्र दिएको ५-६ महिनामै कारवाही गर्नुपर्ने स्थिति आएको समेत बताउनुभयो । साथै, उहाँले मर्जर र प्राप्तीबाट जोखिम न्यूनीकरण र अस्वस्थ प्रतिस्पर्धा कम हुने उल्लेख गर्दै मर्जरमा जान लघुवित्त संस्थाहरूलाई सुझाव दिनुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले गैरसरकारी संस्थाबाट लघुवित्त वित्तीय संस्थामा रूपान्तरण भएपछि सरोकारवालाहरू बढ्ने हुँदा यस्ता संस्थाले सम्बन्धित ऐन/नियम बुझेर कार्य गर्नुपर्ने धारणा राख्नुभयो । लघुवित्त संस्थामा संकलन हुने पेन्सन बचत लगायतका कार्यक्रमले संस्थाको दीर्घकालीन दायित्व सिर्जना गर्ने भएकाले यस्ता किसिमका बचत संकलन गर्ने कार्य बन्द गर्नका लागि राष्ट्र बैंकले निर्देशन जारी गरेको जानकारी समेत दिनुभयो ।

साथै, कर्जा लगानी गर्दा ऋण रकमबाट नै कट्टा गरी गरिने अनिवार्य बचतले ऋणीलाई वास्तविक ब्याजदरको भार बढी पर्ने भएकोले यस्तो बचत संकलनमा रोक लगाइएको जानकारी उहाँले दिनुभयो । कार्यक्रममा विभागका निर्देशक ईश्वरीप्रसाद नेउपानेले कार्यक्रमको उद्देश्य तथा औचित्यमाथि चर्चा गर्दै स्वागत मन्तव्य राख्नुभयो ।

सो अवसरमा निर्देशक नेउपानेले लघुवित्त वित्तीय संस्थाले पालना गर्नुपर्ने संस्थागत सुशासन सम्बन्धी सैद्धान्तिक र कानूनी व्यवस्था तथा निर्देशक शैलेन्द्र रेग्मीले लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशन बमोजिम पालना गर्नुपर्ने वित्तीय सूचकहरू विषयक वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक डा. भरतसिंह थापाले लघुवित्तको सैद्धान्तिक पक्ष र नेपालको वित्तीय क्षेत्रमा लघुवित्त वित्तीय संस्थाहरूको स्थिति विषयक वार्ता प्रस्तुत गर्नुभयो भने नेपाल लघुवित्त बैंकर्स संघका सदस्य एवम् स्वावलम्बन लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत भोजराज बस्यालले लघुवित्त वित्तीय संस्थामा व्यवस्थापनका सैद्धान्तिक तथा व्यावहारिक पक्ष र श्रम सम्बन्धी विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा गैरसरकारी संस्थाबाट लघुवित्त वित्तीय संस्थामा रूपान्तरण भएका २३ वटा संस्थाका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत र रिपोर्टिङ सम्बन्धी कार्य गर्ने अधिकृतहरूका साथै विभागका उप-निर्देशकहरूको सहभागिता थियो । सो अवसरमा बैक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक विरेन्द्रदत्त अवस्थी र कानून महाशाखाका उप-निर्देशक डिल्लीराम न्यौपानेले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक पदमराज रेग्मीले लघुवित्त वित्तीय संस्थाको निरीक्षणमा देखिएका मुख्य कैफियतबारे जानकारी दिनुभयो । उप-निर्देशक रामकाजी खाइजुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# महोत्तरीमा तथ्याङ्क संकलन सम्बन्धी गोष्ठी सम्पन्न

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले २०७६ पुस २५ गते महोत्तरीको जलेश्वरमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क संकलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गर्‍यो ।

जनकपुर कार्यालयका निर्देशक हिमप्रसाद न्यौपानेको सभापतित्वमा आयोजित गोष्ठीमा का.मु. उप-निर्देशक डा. रमेशप्रसाद चौलागाईंले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्य र महत्वबारे प्रकाश पार्नुभयो । साथै, उहाँले आर्थिक तथ्याङ्क सम्बन्धी कार्यपत्र समेत प्रस्तुत गर्नुभयो ।




कार्यक्रममा महोत्तरीस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष कृपाशङ्कर साह, स्थानीय निकायका प्रमुखहरू, जिल्ला बचत तथा ऋण सहकारी संघका प्रतिनिधि लगायत करिब ५० जनाको सहभागिता थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले स्थानीय शाखाहरूलाई राजस्व संकलनको अधिकार दिइनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । निर्देशक न्यौपानेले कार्यक्रमका सहभागीहरूबाट तथ्याङ्क संकलन, चलनचल्तीमा रहेका सिक्काका समस्याहरू, सहुलियतपूर्ण कर्जा प्रवाहमा देखा परेका कठिनाइ, सफा नोट नीति कार्यान्वयनका चुनौती, सहकारी व्यवस्थापन लगायतका विषयमा उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको थियो । जनकपुर कार्यालयका का.मु. सहायक निर्देशक गंगेशकुमार झाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विराटनगरमा सहुलियतपूर्ण कर्जासम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले २०७६ पुस १८ गते कार्यालयको सभाहलमा 'सहुलियतपूर्ण कर्जा' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक रोशनकुमार सिग्देलको सभापतित्वमा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले सहुलियतपूर्ण कर्जा सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यपत्रमा 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५' मा भएका मुख्य व्यवस्था, ब्याजदर, धितो सम्बन्धी व्यवस्था, कर्जा सुरक्षण तथा बीमा सम्बन्धी व्यवस्था, कर्जाको लागि योग्यता तथा शर्तहरू, समन्वय तथा अनुगमन समिति, गुनासो सुनुवाई सम्बन्धी व्यवस्था लगायतका विषयवस्तु समेटिएको थियो ।



सो अवसरमा निर्देशक सिग्देल र उप-निर्देशक तिमिल्सिनाले सहभागीको तर्फबाट राखिएका जिज्ञासाको जवाफ दिनुभयो । कार्यक्रममा प्रदेश नं. १, आर्थिक मामिला तथा योजना मन्त्रालयका उप-सचिव गजेन्द्रप्रसाद यादव, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका वरिष्ठ कृषि विकास अधिकृत पशुपति ढुंगाना, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रदेश तथा शाखा प्रमुख, विभिन्न गाउँपालिकाका प्रमुख, अगुवा कृषकहरू, महिला उद्यमी, बीमा कम्पनीका प्रमुख लगायतको सहभागिता थियो ।

कार्यक्रममा उप-निर्देशक ईश्वर कुमार कटुवालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रामकृष्ण राईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विभिन्न जिल्लामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम



सुयोग मिडिया हाउसले २०७६ पुस १९ गते मोरङ जिल्लाको सुन्दर हरैचा-८, सलकपुरमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो। नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको सहकार्यमा सुयोग मिडियाले उक्त कार्यक्रम आयोजना गरेको हो।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा स्थानीय निकायका पदाधिकारी, महिला, समाजसेवी, कृषक लगायतको सहभागिता थियो। कार्यक्रममा कार्यकारी निर्देशक निरौला र गभर्नरको कार्यालयका का.मु. सहायक निर्देशक समिता श्रेष्ठले सहुलियतपूर्ण कर्जा, सफा नोट नीति, कर्जाका प्रकार लगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो।

यसैगरी, नेपाल बैंक लिमिटेडका शाखा प्रबन्धक मधुसुदन पोखरेलले बैंकिङ सेवा र ज्योती लाईफ इन्स्योरेन्सको प्रदेश नं. १ का प्रमुख मदन गौतमले बीमा सेवाको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

यसैगरी, कांग्रेस लाईब्रेरी (स्वतन्त्र) ले नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा पुस २७ गते रोल्पाको रुन्टीगढी गाउँपालिका-४, सुर्पालमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा लाइब्रेरीका अध्यक्ष रवीन्द्र उप्रेतीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो।

कार्यक्रममा गभर्नरको कार्यालयका प्रधान सहायक लालकुमार सुवेदीले नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाको परिचय, खाता खोल्ने तरिका, बचत र कर्जाको आधारभूत जानकारी, विप्रेषणका विविध पक्ष, सफा नोट नीति, जाली नोटको पहिचान, आधुनिक बैंकिङ प्रणाली, सहुलियतपूर्ण कर्जाका विषयमा सहभागीहरूलाई जानकारी दिनुभयो। यसैगरी, कांग्रेस लाइब्रेरीका कार्यक्रम संयोजक देवा उपाध्यायले जीवन बीमा र निर्जीवन बीमाका विविध पक्षबारे प्रकाश पार्नुभयो।

सो अवसरमा रुन्टीगढी-४ का वडाध्यक्ष पारसमणि गिरीले स्थानीय बासिन्दामा वित्तीय सचेतना अभिवृद्धि र उद्यमशीलताको विकासको सन्दर्भमा उक्त कार्यक्रम उपयोगी रहेको धारणा राख्नुभयो। कार्यक्रममा रुन्टीगढी-३ का वडाध्यक्ष चन्द्रबहादुर घर्ती, सूर्योदय माविका शिक्षक कुलप्रसाद झाँक्री, स्थानीय समाजसेवी बेगम कुँवर लगायतले कार्यक्रमको महत्वबारे चर्चा गर्नुभएको थियो। कार्यक्रममा स्थानीय कृषक, व्यवसायी, महिला, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो।

यसका साथै, कांग्रेस लाइब्रेरीले पुस २८ गते प्युठानको स्वर्गद्वारी नगरपालिका-३, भिङ्ग्रीमा पनि वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो। स्थानीय अमर




माध्यमिक विद्यालयको सभाकक्षमा उक्त कार्यक्रम आयोजना गरिएको हो।

सो अवसरमा लाइब्रेरीका अध्यक्ष रवीन्द्र उप्रेतीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो। कार्यक्रममा गभर्नरको कार्यालयका प्रधान सहायक लालकुमार सुवेदीले नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाको परिचय, खाता खोल्ने तरिका, बचत र कर्जाको आधारभूत जानकारी, विप्रेषणका विविध पक्ष, सफा नोट नीति, जाली नोटको पहिचान, आधुनिक बैंकिङ प्रणाली, सहुलियतपूर्ण कर्जाका विषयमा सहभागीहरूलाई जानकारी दिनुभयो।

यसैगरी, एनआईसी एसिया बैंक, जुम्री प्युठान शाखाका प्रबन्धक नरेश रावलले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने सेवाको बारेमा वार्ता प्रस्तुत गर्नुभयो।







सो अवसरमा वडा सदस्य बसन्ता के.सी., अमर माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक यमराज शर्मा लगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा स्थानीय राजनीतिकर्मी, कृषक, महिला, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो ।

स्थानीय विकास मञ्चले २०७६ माघ २८ गते धादिङको थाक्रे गाउँपालिका-५ मा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो ।

नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा मञ्चले उक्त कार्यक्रम आयोजना गरेको हो । थाक्रे-५ का वडाध्यक्ष भूमि तामाङको अध्यक्षतामा आयोजित कार्यक्रममा स्थानीय कृषक, महिला, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो ।

कार्यक्रममा स्थानीय विकास मञ्चका अध्यक्ष राम बस्नेत र कर्मचारी जनक गिरीले वित्तीय सचेतना सम्बन्धी दुई वटा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा नेपाल राष्ट्र बैंकका उप-निर्देशक मनोजकुमार केसीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सहुलियतपूर्ण कर्जा, सफा नोट नीति, चेक बाउन्स तथा गुनासो सुनुवाई संयन्त्रको सम्बन्धमा जानकारी दिनुभयो ।

कार्यक्रमका सहभागीले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाका कार्य, वित्तीय प्रणालीको जानकारीले आफूहरूलाई बैंकिङ कारोबारप्रति प्रेरणा मिलेको प्रतिक्रिया दिएका थिए । सो अवसरमा वडाध्यक्ष तामाङले आफ्नो समुदायमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना भएकोमा धन्यवाद दिँदै कार्यक्रममा प्राप्त ज्ञानलाई व्यवहारमा उपयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो ।

यसैगरी, स्थानीय विकास मञ्चले माघ २९ गते मकवानपुरको थाहा नगरपालिका-११ मा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । थाहा-११ का वडाध्यक्ष किरण बलको अध्यक्षतामा आयोजित कार्यक्रममा स्थानीय कृषक, महिला, सहकारी संस्थाका प्रतिनिधि, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो ।

कार्यक्रममा स्थानीय विकास मञ्चका अध्यक्ष राम बस्नेत र कर्मचारी जनक गिरीले वित्तीय सचेतना सम्बन्धी दुई वटा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा नेपाल राष्ट्र बैंकका उप-निर्देशक मनोजकुमार केसीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सहुलियतपूर्ण कर्जा, सफा नोट नीति, चेक बाउन्स तथा गुनासो सुनुवाई संयन्त्रको सम्बन्धमा जानकारी दिँदै सहभागीका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो । सो अवसरमा वडाध्यक्ष बलले कार्यक्रमको आयोजनाप्रति धन्यवाद दिनुभएको थियो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना



नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले २०७६ माघ १५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । आ.व. २०७६/७७ को कार्ययोजना अन्तर्गत चौथो पटक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गरिएको हो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले 'नेपाल राष्ट्र बैंकको काम कारवाहीमा कानूनी दृष्टिकोण र कानूनी रायसम्बन्धी व्यवस्था' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले नेपालको बैंकिङ तथा वित्तीय प्रणालीसँग सम्बन्धित कानूनी व्यवस्था, कानूनी दृष्टिकोण, कानूनी रायको आवश्यकता र औचित्य, कानूनी रायसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा यसको विकासक्रम लगायतका विषयवस्तु समेटिएको थियो ।

साथै, उहाँले कानूनी रायका आधार, राय माग गर्ने प्रक्रिया, राष्ट्र बैंकमा कानूनी राय मागसम्बन्धी अभ्यास, यसमा देखिएका समस्या र कानूनी रायसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउने उपायका विषयमा चर्चा गर्नुभयो । सो अवसरमा कार्यकारी निर्देशक नेपालले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले धन्यवाद ज्ञापनसहित कार्यक्रम विसर्जन गर्नुभएको थियो भने उप-निर्देशक सुशिल ज्ञवालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# लघुवित्त संस्थाका रिपोर्टिङ अफिसरहरूसँग तथ्याङ्क सम्बन्धी अनुशिक्षण




नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले २०७६ माघ १९ गते कार्यालयको सभाकक्षमा लघुवित्त संस्थाका रिपोर्टिङ अफिसरहरूसँग तथ्याङ्क सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक रोशनकुमार सिग्देलको सभापतित्वमा सञ्चालित कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक रविन भण्डारीले लघुवित्त संस्थाले राष्ट्र बैंकमा रिपोर्टिङ गर्ने प्रणालीका विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले रिपोर्टिङ संयन्त्र, अनलाइन रिपोर्टिङ, सो सम्बन्धी नीतिगत व्यवस्था, रिपोर्टिङमा संलग्न कर्मचारीको भूमिका, सुपरिवेक्षण सूचना प्रणाली (एसआईएस) का विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा प्रदेश नं. १ मा केन्द्रीय कार्यालय रहेका लघुवित्त वित्तीय संस्थाका प्रमुख, शाखा प्रबन्धक, रिपोर्टिङ सेल हेर्ने कर्मचारी लगायतको सहभागिता थियो । सो अवसरमा सहभागीका तर्फबाट जीवन विकास लघुवित्त वित्तीय संस्थाका अधिकृत सन्देश कार्कीले रिपोर्टिङका क्रममा आउने समस्या र कठिनाईलाई समाधान गर्ने सन्दर्भमा अनुशिक्षण कार्यक्रम फलदायी रहेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा विराटनगर कार्यालयका उप-निर्देशक ईश्वरकुमार कटुवालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रामकृष्ण राईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# अध्यक्षद्वय जोशी र चौधरीद्वारा शपथ ग्रहण






विराटनगर कार्यालयका निर्देशक रोशनकुमार सिग्देलले स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडका नवनिर्वाचित अध्यक्ष लालमणि जोशीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो ।

२०७६ पुस १७ गते विराटनगर कार्यालयमा निर्देशक सिग्देलले अध्यक्ष जोशीलाई शपथ ग्रहण गराउनुभएको हो । सो अवसरमा निर्देशक सिग्देलले अध्यक्ष जोशीलाई संस्थागत सुशासन कायम गर्न आग्रह गर्दै सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

यसैगरी, नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडका नवनिर्वाचित अध्यक्ष प्रभातकुमार चौधरीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो । पुस २८ गते धनगढी कार्यालयमा निर्देशक अधिकारीले अध्यक्ष चौधरीलाई शपथ ग्रहण गराउनुभएको हो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका अध्यक्षले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# अछाममा आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७६ पुस २२ गते अछाम जिल्लाको साँफेबगरमा समसामयिक बैंकिङ तथा आर्थिक गतिविधि विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

सो अवसरमा कार्यालयका सहायक निर्देशक यमबहादुर शाहले समसामयिक बैंकिङ तथा आर्थिक विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा सुदुर पश्चिम प्रदेशको आर्थिक तथा सामाजिक विकासको समग्र अवस्थालाई समेटिएको थियो ।

कार्यक्रममा निर्देशक अधिकारीले सहुलियतपूर्ण कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिनुभयो । साथै, उहाँले भा.रु.२००, ५०० र २००० दरका नोटलाई राष्ट्र बैंकले नेपालमा प्रतिबन्ध लगाएको जानकारी दिँदै उक्त दरका नोटहरू प्रयोग नगर्न सरोकारवालाहरूलाई आग्रह गर्नुभयो ।




कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्था, साँफेबगर नगरपालिका, अछाम उद्योग वाणिज्य संघ, होटल तथा पर्यटन व्यवसायी संघ लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधि, स्थानीय अगुवा कृषक, सञ्चारकर्मी लगायतको सहभागिता थियो । सो अवसरमा सहभागीहरूले बैंक तथा वित्तीय संस्थाबाट लक्षित वर्गमा सामुहिक जमानीमा सहुलियतपूर्ण कर्जा प्रवाह गनुपर्ने र पर्यटन क्षेत्रमा लगानी विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिएका थिए ।

कार्यक्रममा धनगढी कार्यालयका का.मु. उप-निर्देशक झकेन्द्रबहादुर शाहीले स्वागत मन्तव्य राख्नुभयो भने का.मु.प्रधान सहायक निरज पाण्डेयले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वैदेशिक तालिम/सेमिनारमा सहभागिता

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल Alliance for Financial Inclusion (AFI) ले २०१९ जनवरी २०-२२ मा भुटानको थिम्पुमा आयोजना गरेको AFI-RMA Bhutan Joint Learning Program on Inclusive Green Finance विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट IMF SARTTAC द्वारा २०२० फेब्रुअरी १२-१३ मा भारतको नयाँ दिल्लीमा आयोजित Regional Forum on Fostering Growth in South Asia विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक ईश्वरीप्रसाद न्यौपाने, गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला र बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक वीरेन्द्रदत्त अवस्थी Reserve Bank of India (RBI) द्वारा २०२० फेब्रुअरी ५-६ मा भारतको राजस्थानमा आयोजित Leveraging Fin Tech for Financial Inclusion विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका निर्देशक ईश्वरीप्रसाद भट्टराई Gerzensee द्वारा २०२० फेब्रुअरी १०-२१ मा स्विट्जरल्याण्डको गर्जेन्सीमा आयोजित Inflation Forecasting and Monetary Policy विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका उप-निर्देशक प्रियंका बस्न्यात The International Banking and Finance Institute (IBFI) द्वारा २०२० फेब्रुअरी ३-५ मा जर्मनीको फ्र्याङ्कफर्टमा आयोजित Macroeconomic Analysis and Forecasting विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक केदारप्रसाद पोखरेल Government of Australia ले २०२० जनवरी २७ देखि फेब्रुअरी १४ सम्म अष्ट्रेलियामा आयोजना गरेको Australia Awards Regional course: Promoting Resilient & Sustainable infrastructure Development 2019 विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक दीपक अधिकारी IBFI द्वारा २०२० फेब्रुअरी ३-७ मा फ्रान्सको पेरिसमा आयोजित Consumer Protection, Fianancial Inclusion and Education विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी इकाईका सहायक निर्देशक रामेश्वर पोखरेल Egmont Group ले २०२० जनवरी २७-३० मा मौरिससमा आयोजना गरेको 2020 Egmont Group Meetings विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्त व्यवस्थापन विभागका सहायक निर्देशक शारदादेवी मिश्र, मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक मणिराज श्रेष्ठ, पोखरा कार्यालयका सहायक निर्देशक यशोदा पोखरेल र मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक (कम्प्युटर) राजेन्द्रकुमार बज्राचार्य De La Rue द्वारा २०२० फेब्रुअरी १०-१३ मा श्रीलंकाको कोलम्बोमा आयोजित Rs. 100 Banknote Production Visit and Manufacture of Banknote विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

# सरुवा/पदस्थापन

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्र विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ । २०७६ माघ ३ गतेको निर्णयानुसार मिश्रको सरुवा भएको जनशक्ति व्यवस्थापन विभागको सूचनामा जनाइएको छ ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक रविन्द्र महर्जन आन्तरिक लेखापरीक्षण विभाग, वित्त व्यवस्थापन विभागका निर्देशक चेतप्रसाद उप्रेती विकास बैंक सुपरिवेक्षण विभाग, भुक्तानी प्रणाली विभागका निर्देशक आनन्द पौड्याल बैंकर्स प्रशिक्षण केन्द्र, अनुसन्धान विभागका दिर्घबहादुर रावल वित्तीय जानकारी इकाई र आन्तरिक लेखापरीक्षण विभागका निर्देशक मिना पाण्डे बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा हुनुभएको छ ।

२०७६ पुस २२ गतेको निर्णयानुसार निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा हुनुभएका नौ जनाको विभिन्न विभागमा पदस्थापन भएको छ । जस अनुसार, डिलाराम सुवेदी सामान्य सेवा विभाग, केशबबहादुर के.सी. वित्त व्यवस्थापन विभाग, शैलेन्द्र रेग्मी लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, वीरेन्द्रदत्त अवस्थी बैंक तथा वित्तीय संस्था नियमन विभाग, देवेन्द्र गौतम सामान्य सेवा विभाग, ईश्वरीप्रसाद भट्टराई अनुसन्धान विभाग, राजनदेव भट्टराई वित्त व्यवस्थापन विभाग, लक्ष्मीप्रसाद प्रसाईं संस्थागत योजना विभाग र रमेश आचार्य विदेशी विनिमय व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ ।

जनशक्ति व्यवस्थापन विभागले २०७६ माघ ९ गते विभिन्न विभाग/कार्यालयका उप-निर्देशकहरूको सरुवा गरेको छ । विभागका अनुसार, नेपालगञ्ज कार्यालयका नारायणप्रसाद पोखेल विदेशी विनिमय व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभागका केशवप्रसाद तिमिल्सिना वित्त व्यवस्थापन विभाग, जनकपुर कार्यालयका संजीवकुमार झा बैंक तथा वित्तीय संस्था नियमन विभाग, संस्थागत योजना विभागका प्रल्हाद गिरी लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, सिद्धार्थनगर कार्यालयका प्रकाश राई र विवेक कोइराला क्रमशः भुक्तानी प्रणाली विभाग र बैंक सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी, बैंक तथा वित्तीय संस्था नियमन विभागका पञ्चलक्ष्मी मानन्धर वित्त व्यवस्थापन विभाग, वीरगञ्ज कार्यालयका श्यामराज त्रिपाठी संस्थागत योजना विभाग, नेपालगञ्ज कार्यालयका शिवप्रसाद घिमिरे गभर्नरको कार्यालय, वीरगञ्ज कार्यालयका सुरेश शिवाकोटी विदेशी विनिमय व्यवस्थापन विभाग, धनगढी कार्यालयका मनोज पोखरेल मुद्रा व्यवस्थापन विभाग, जनकपुर कार्यालयका मेदनीप्रसाद पोखरेल वित्तीय जानकारी इकाई र वित्त व्यवस्थापन विभागका डम्बर सुवेदी विकास बैंक सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

साथै, मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा) का खगराज सापकोटा सिद्धार्थनगर कार्यालय, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका राजनप्रसाद अधिकारी वीरगञ्ज कार्यालय, वित्तीय जानकारी इकाईका वृहत श्रेष्ठ आन्तरिक लेखापरीक्षण विभाग, बैंकिङ कार्यालयका राजु पौडेल नेपालगञ्ज कार्यालय, गभर्नरको कार्यालयका सुशिल ज्ञवाली धनगढी कार्यालय, विकास बैंक सुपरिवेक्षण विभागका विनय सिग्देल र राकेश प्रजापति क्रमश वीरगञ्ज कार्यालय र धनगढी कार्यालयमा सरुवा हुनुभएको छ ।

२०७६ पुस २२ गतेको निर्णयानुसार उप-निर्देशक (अधिकृत द्वितीय) मा बढुवा हुनुभएका २७ जनाको पदस्थापन भएको छ । जस अनुसार, सुशिल विजुक्छे विकास बैंक सुपरिवेक्षण विभाग, गुलाव धवल सिद्धार्थनगर कार्यालय, डा. सञ्जयप्रसाद मिश्र जनकपुर कार्यालय, माधवप्रसाद अधिकारी विदेशी विनिमय व्यवस्थापन विभाग, रामचन्द्र भट्टराई लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, विष्णुकुमार विश्वकर्मा राष्ट्र ऋण व्यवस्थापन विभाग, नवराज तिवारी मुद्रा व्यवस्थापन विभाग, डा. महेशकुमार चौलागाईं जनकपुर कार्यालय, डा. किर्तिविक्रम दाहाल नेपालगञ्ज कार्यालय र डा. गणेशप्रसाद गौतम अनुसन्धान विभागमा पदस्थापन हुनुभएको छ ।

यसैगरी, श्यामप्रसाद ढकाल बैंकिङ कार्यालय, राजेशकुमार उदाश सामान्य सेवा विभाग, यामलाल सुवेदी लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, डण्डप्रसाद खरेल बैंक तथा वित्तीय संस्था नियमन विभाग, मनोज गुरुङ सामान्य सेवा विभाग, ढुण्डीराज मिश्र विदेशी विनिमय व्यवस्थापन विभाग, अशोककुमार राई सामान्य सेवा विभाग, मनोजकुमार के.सी. गभर्नरको कार्यालय, विष्णुप्रसाद गुरागाईं र मधुसुदन दवाडीलाई लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पदस्थापन गरिएको छ ।

यसैगरी, सुमनकुमार नेपाल मुद्रा व्यवस्थापन विभाग, कमलबहादुर तामाङ वित्त कम्पनी सुपरिवेक्षण विभाग, दिर्घबहादुर थापा मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा), जयनारायण प्रधान बैंकिङ कार्यालय, बाबुराम कोइराला अनुसन्धान विभाग, रामविलास महतो जनकपुर कार्यालय र रमेशकुमार कटुवाल वित्त व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ ।

सोही दिनको निर्णय अनुसार, विभिन्न विभाग/कार्यालयका सहायक निर्देशकहरूको सरुवा गरिएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ । जस अनुसार, जनकपुर कार्यालयका डा. रमेशप्रसाद चौलागाईं लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, राष्ट्र ऋण व्यवस्थापन विभागका विश्वनाथ न्यौपाने सुर्खेत कार्यालय, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका विष्णुप्रसाद उपाध्याय सिद्धार्थनगर कार्यालय, वित्तीय जानकारी इकाईका रविन्द्र भट्टराई जनकपुर कार्यालय र बैंक सुपरिवेक्षण विभागका गोविन्द भण्डारी राष्ट्र ऋण व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

बैंक सुपरिवेक्षण विभागका सत्येन्द्रमणि त्रिपाठी वित्तीय जानकारी इकाई, अनुसन्धान विभागका मित्रप्रसाद तिम्सिना वित्तीय जानकारी इकाई, अनुसन्धान विभागका रमेशप्रसाद पराजुली र भरत ओड राष्ट्र ऋण व्यवस्थापन विभाग, गभर्नरको कार्यालयका सुधा विष्ट थापा बैंक सुपरिवेक्षण विभाग, वित्त व्यवस्थापन विभागका नवराज सुनुवार बैंक सुपरिवेक्षण विभाग, विराटनगर कार्यालयका रामकृष्ण राई वित्त कम्पनी सुपरिवेक्षण विभाग, पोखरा कार्यालयका सुजन पोखेल भुक्तानी प्रणाली विभाग, सिद्धार्थनगर कार्यालयका रमेश सारु विकास बैंक सुपरिवेक्षण विभाग र नेपालगञ्ज कार्यालयका निमिषा कुँवर राष्ट्र ऋण व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

जनशक्ति व्यवस्थापन विभागले २०७६ माघ १२ गतेको निर्णय अनुसार, विभिन्न विभाग/कार्यालयका सहायकस्तरका कर्मचारीको सरुवा र पदस्थापन गरेको जनाएको छ । जस अनुसार, वित्त व्यवस्थापन विभागका

प्रधान सहायक चुडामणि पोखरेल वित्त कम्पनी सुपरिवेक्षण विभाग (कामकाज), बैंकिङ कार्यालयका प्रधान सहायक हरिप्रसाद पौड्याल बैंक तथा वित्तीय संस्था नियमन विभाग (कामकाज), बैंकिङ कार्यालयका प्रधान सहायक संजीव बखेल भुक्तानी प्रणाली विभाग (कामकाज), नेपालगञ्ज कार्यालयका प्रधान सहायक लेखबहादुर पाण्डे वित्त व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभागका प्रधान सहायक कृति ओझा आन्तरिक लेखापरीक्षण विभाग र वीरगञ्ज कार्यालयका प्रधान सहायक तुलसीराम बानियाँ सामान्य सेवा विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी, सोही दिनको निर्णय अनुसार, बढुवा भएका २१ जना प्रधान सहायकको पदस्थापन समेत भएको छ । जस अनुसार, गीता खतिवडा अनुसन्धान विभाग, लालकुमार सुवेदी गभर्नरको कार्यालय (कामकाज), हरि गौतम मुद्रा व्यवस्थापन विभाग, उपेन्द्र चौधरी वीरगञ्ज कार्यालय, वेदनिधि सापकोटा बैंकिङ कार्यालय, विश्वनाथ अधिकारी भुक्तानी प्रणाली विभाग (कामकाज), प्रदिप घिमिरे विराटनगर कार्यालय, रामहरि घिमिरे वित्त व्यवस्थापन विभाग, आस्था सुवेदी नेपालगञ्ज कार्यालय, पार्वती भट्ट र रामदास राना धनगढी कार्यालयमा पदस्थापन हुनुभएको छ ।

यस्तै, रमेश ढकाल बैंकिङ कार्यालय, निरज पाण्डेय धनगढी कार्यालय, डिल्लीराज आचार्य नेपालगञ्ज कार्यालय, सियाराम यादव जनकपुर कार्यालय, देवेन्द्र सुवेदी पोखरा कार्यालय, राजकुमार लामा मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा), सीता चौलागाईं विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज), ध्रुवप्रसाद पोखरेल, यामबहादुर रानाभाट र सुनिल भुजेललाई पोखरा कार्यालयमा पदस्थापन गरिएको छ ।

विभागको सूचना अनुसार, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक लिलाबहादुर निरौला सामान्य सेवा विभाग, वीरगञ्ज कार्यालयका सहायकद्वय सुरेन्द्र पंजियार र पासाङ तामाङ विराटनगर कार्यालय, वित्त व्यवस्थापन विभागका पूर्णबहादुर कार्की विराटनगर कार्यालय र सामान्य सेवा विभागका विमुना न्यौपाने वीरगञ्ज कार्यालयमा सरुवा हुनुभएको छ ।

यसैगरी, सहायक पदमा बढुवा हुनुभएका महेश्वरी कँडेल (सिलवाल) बैंकिङ कार्यालय, रामफेरन तमोली नेपालगञ्ज कार्यालय, यादव थापा मुद्रा व्यवस्थापन विभाग र रुकुमाया सुनुवार (गुरुङ) वित्त व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ ।

यसैगरी, जनशक्ति व्यवस्थापन विभागद्वारा माघ १३ गते जारी सूचना अनुसार, १३ जना प्रधान चालकहरूको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ । जस अनुसार, सुवराती पठान नेपालगञ्ज कार्यालय, तेजप्रसाद कडरिया र शत्रुघ्नसिंह दनुवार विराटनगर कार्यालय, सुन्दरसिंह विष्ट, बसन्त विष्ट, रामभक्त महर्जन, चन्द्रबहादुर चन्द, ज्ञानबहादुर तामाङ, गणेश श्रेष्ठ र प्रेमबहादुर बुढाथोकी सामान्य सेवा विभाग, ज्ञानबहादुर बस्नेत नेपालगञ्ज कार्यालय, पूर्णबहादुर तामाङ सिद्धार्थनगर कार्यालय र निरञ्जनकुमार गौतम धनगढी कार्यालयमा पदस्थापन हुनुभएको छ ।

यसैगरी, बरिष्ठ मेकानिक्स कृष्णबहादुर गिरी मुद्रा व्यवस्थापन विभाग र सञ्चार चालक पार्वती तामाङ (श्रेष्ठ) सामान्य सेवा विभागमा पदस्थापन हुनुभएको छ ।

## नेपाल कार्यकारी निर्देशकमा बढुवा

भुक्तानी प्रणाली विभागका कायममुकायम कार्यकारी निर्देशक रेवतीप्रसाद नेपाल कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा बढुवा हुनुभएको छ । जनशक्ति व्यवस्थापन विभागका अनुसार २०७६ माघ १३ गते उहाँको बढुवा भएको हो । *नेपाल राष्ट्र बैंक समाचार* कार्यकारी निर्देशक नेपाललाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

## कायममुकायम मुकर्रर

वित्तीय जानकारी इकाईका निर्देशक रामु पौडेल २०७६ माघ ५ गतेदेखि लागू हुनेगरी कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा कायममुकायम मुकर्रर भई वित्त कम्पनी सुपरिवेक्षण विभागमा पदस्थापन हुनुभएको छ । यसैगरी, बैंक सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापा र विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक रामबहादुर मानन्धर २०७६ माघ २२ देखि लागू हुनेगरी कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा कायममुकायम मुकर्रर हुनुभएको छ । उहाँहरूलाई क्रमश: मुद्रा व्यवस्थापन विभाग र संस्थागत योजना विभागमा पदस्थापन गरिएको जानकारी जनशक्ति व्यवस्थापन विभागले गराएको छ ।

यसैगरी, बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक विज्ञानराज सुवेदी र सामान्य सेवा विभागका उप-निर्देशक विनोदराज लेखक २०७६ माघ १५ देखि लागू हुनेगरी निर्देशक (अधिकृत प्रथम) मा कायममुकायम मुकर्रर हुनेगरी क्रमशः अनुसन्धान विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

## अनिवार्य अवकाश

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला र संस्थागत योजना विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले २०७६ माघ ८ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। यसैगरी, पोखरा कार्यालयका उप-निर्देशक बसन्तबहादुर थापा, बैंकिङ कार्यालयका उप-निर्देशक रविन शर्मा भेटुवाल, आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक नवराज फुयाल, विराटनगर कार्यालयका उप-निर्देशक (इलेक्ट्रिकल) तारानाथ दाहाल, मुद्रा व्यवस्थापन विभागका प्रधान सहायक शंकरप्रसाद बजगाईं, विदेशी विनिमय व्यवस्थापन विभागका प्रधान सहायक कृष्णप्रसाद चौलागाईं, विराटनगर कार्यालयका मुख्य प्लम्बर विष्णुहरि जैसी, बैंकिङ कार्यालयका कार्यालय सहयोगी (प्रथम) सुधिर सुवेदी र जनशक्ति व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) जगतबहादुर बस्नेतले पनि माघ महिनामै अवकाश पाउनुभएको छ ।

# मौद्रिक नीति कार्यान्वयनको स्थितिबारे अन्तरक्रिया




नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले ‘मौद्रिक नीतिको कार्यान्वयन अवस्था एवम् समसामयिक आर्थिक तथा वित्तीय स्थिति’ विषयमा २०७६ माघ २२ गते काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको निम्ति सरोकारवाला पक्षको सुझाव लिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

सो अवसरमा गभर्नर डा. नेपालले राष्ट्र बैंकले अवलम्बन गरेको चुक्ता पुँजी वृद्धि र कर्जा विस्तार नीतिका कारण तीन वर्ष यता आर्थिक वृद्धिले तीव्रता पाएको बताउनुभयो । साथै, वित्तीय क्षेत्रको स्थायित्वलाई राष्ट्र बैंकले सधैं उच्च प्राथमिकतामा राखेको गभर्नर डा. नेपालको भनाइ थियो । उहाँले भन्नुभयो, “वित्तीय क्षेत्र अर्थतन्त्रको ‘मुटु’ हो । वित्तीय क्षेत्रको स्थायित्व तलमाथि भएमा समग्र अर्थतन्त्रलाई प्रभावित तुल्याउँछ । त्यसैले वित्तीय स्थायित्व सधैं हाम्रो प्राथमिकतामा छ ।”

वित्तीय स्थायित्वसँगै वित्तीय प्रणालीको साइबर सुरक्षा, आर्थिक वृद्धिको निरन्तरता, पुँजी बजारको सबलीकरण, दिगो विकासका लक्ष्य प्राप्तिलाई मौद्रिक नीतिले समेट्दै आएको जानकारी उहाँले दिनुभयो ।

कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक एवम् बैंकका प्रवक्ता डा. गुणाकर भट्टले मौद्रिक नीतिको कार्यान्वयन तथा समसामयिक आर्थिक तथा वित्तीय स्थिति समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । सो क्रममा कार्यकारी निर्देशक भट्टले तीन वर्षदेखिको उच्च आर्थिक वृद्धि दरलाई निरन्तरता दिनुपर्ने चुनौती देखिएको धारणा व्यक्त गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहालले बैंक तथा वित्तीय संस्थाको निम्ति नेपाल राष्ट्र बैंक ‘ब्रह्मा, विष्णु र महेश्वर’ रहेको उल्लेख गर्दै वित्तीय स्थायित्व र अन्य उद्देश्यको निम्ति दुबै पक्षको सहकार्यमा जोड दिनुभयो । साथै, उहाँले मौद्रिक नीतिमा रहेको विद्यमान स्प्रेड दरसम्बन्धी व्यवस्थालाई संशोधन गर्न अनुरोध गर्नुभयो ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स लगायत उद्योगी/व्यवसायी आबद्ध संघ/संगठनका प्रतिनिधिले व्यावसायिक संस्थाको क्रेडिट रेटिङ र ऋण आम्दानी अनुपातको सीमा बढाउनुपर्ने, बैंकिङ कारोबारका पद्धतिको सरलीकरण हुनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठको समेत उपस्थिति रहेको थियो । यस्तै, राष्ट्र बैंकका उच्च अधिकारीहरू, अर्थ मन्त्रालयका सहसचिवद्वय यज्ञप्रसाद ढुङ्गेल र झक्कप्रसाद आचार्य, अर्थविद, प्राध्यापक, वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरू, नेपाल डेभलपमेन्ट बैंकर्स संघ, नेपाल वित्तीय संस्था संघ, नेपाल लघुवित्त बैंकर्स संघ, नेपाल राष्ट्रिय सहकारी महासंघ, स्वतन्त्र उर्जा उत्पादक संस्था नेपाल, नेपाल क्लीयरिङ हाउस लिमिटेडका प्रतिनिधि तथा सञ्चारकर्मी लगायतको सहभागिता थियो । सो अवसरमा सहभागीहरूले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको निम्ति विभिन्न सुझावहरू दिनुभएको थियो ।

कार्यक्रमको अन्त्यमा गभर्नर डा. चिरंजीबि नेपालले कार्यक्रममा प्राप्त सुझावका आधारमा बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक गर्ने जानकारी दिनुभयो । अनुसन्धान विभागका उप-निर्देशक नन्दकुमार ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

**प्रकाशक**

नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा

बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/३६२

ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**

शिवप्रसाद घिमिरे

**सम्पादन सहयोगी**

विष्णुदत्त पाण्डेय

लालकुमार सुवेदी

नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६११६, ५७०५९१८